# उपभोक्ता सचेतना, गोष्ठी/अन्तरक्रिया कार्यक्रम सञ्चालन सम्बन्धी कार्यको लागि सूची दर्ता गर्ने सम्बन्धी सूचना !

नेपाल दूरसञ्चार प्राधिकरणबाट स्वीकृत उपभोक्ता सचेतना, गोष्ठी/अन्तरक्रिया कार्यक्रम सञ्चालन (कार्यविधि), २०७९ अनुसार दूरसञ्चार सेवा सञ्चालन गर्ने सेवाप्रदायक, दूरसञ्चार सेवाको उपभोग गर्ने उपभोक्ता लगायत सम्बन्धित सरोकारवालाहरुलाई उपभोक्ता शिक्षा, सचेतना तथा जागरुक बनाउन विभिन्न किसिमका उपभोक्ता सचेतना, गोष्ठी/अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि उपभोक्ता अधिकार संघ/संस्था, सामाजिक/निजी/सर्वजनिक/गैरसरकारी संघ/संस्थालाई तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपि सहित पन्ध्र (१५) दिन भित्र कार्यालय समयमा सूची दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१ प्रचलित कानून वमोजिम संस्था दर्ता र नवीकरणको प्रमाणपत्र,
२ पछिल्लो तीन वर्षको वासलात,
३ आघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण गरी कर चुक्ता गरेको प्रमाणपत्र,
४ उपभोक्ता हकहित र अधिकार वा दूरसञ्चार क्षेत्रमा कम्तिमा एक वर्ष कार्य गरेको,
५ स्थायी लेखा नम्बर (PAN), मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र,
६ सम्पर्क व्यक्तिको नाम, ठेगाना, सम्पर्क नम्बर,
७ कुनै कानूनले कसुरदार नठहरिएको भनि स्वघोषण पत्र समेत ।

**नेपाल दूरसञ्चार प्राधिकरण**
**उपभोक्ता हित संरक्षण शाखा**
**जमल, काठमाण्डौं ।**
**फोन नं. ९७७-१-५३५५४७४, ५३५४७१७**
**फ्याक्स:९७७-१-५३५५२५०**
**पो.ब.नं. ९७५४**
**Email: ntra@nta.gov.np, Website: www.nta.gov.np**